# यस वर्षको मनसुन, प्रकोप व्यवस्थापन र भएगरेका उद्धार एवं राहत कार्यहरू

लेखनाथ पोखरेल

विभिन्न किसिमका प्राकृतिक प्रकोपका दृष्टिले अत्यन्त संवेदनशील रहेको हाम्रो मुलुक व्यापक गरिवी, जनचेतनाको कमीबाट पनि प्रभावित भइरहेको छ । एकातिर वर्षेनी हुने बाढी पहिरो भूस्खलन, अतिवृष्टि, अनावृष्टि भूकम्प जस्ता प्रकोपहरू छदैछन् भने अर्कोतिर मानवजन्य प्रकोपहरू पनि कम छैनन् । विश्वमा नेपाल प्रकोप जन्य क्षेत्रमा पर्दछ । कमजोर, भू-बनोटको कारण, अव्यवस्थित बसोवास,जनसंख्याको वृद्धि, आर्थिक पछ्यौटेपनका कारणले गर्दा प्राकृतिक एवं मानव निर्मित प्रकोपहरूवाट हरेक वर्ष व्यापक धनजनको क्षति भइरहेको छ । यहाँ बाढी पहिरो, भूकम्प, आगलागी, हिम पहिरो, आँधी बेहरी जस्ता प्रकोपहरू घटने गर्दछ । नेपालमा बग्ने ६०० भन्दा बढी नदी नालाहरू, भू-बनोटको भिरालोपन र मनसुनको समयमा हुने अत्यधिक वर्षाको कारणले बाढी पहिरोलाई निम्त्याएको पाइन्छ भने भारतीय प्लेट तिब्बतीयन प्लेटमा घुसि शक्ति संचय हुने प्रकृया, सक्रिय फल्ट लाइनको कारणले भूकम्पको उत्तिकै सम्भावना भएको कुरा विज्ञहरूले देखाएका छन् । यसको साथ साथै भूकम्पिय क्षति न्यूनीकरण गर्न वृहत कार्य योजना शीघ्र लागू गर्नुपर्ने कुरामा पनि विज्ञहरू सहमत भएको देखिन्छ । विश्व व्यापी रूपमा बढ्दो तापक्रमले पनि हिमताल विस्फोटनको पनि सम्भावना रहेको देखिन्छ । गत वर्ष शीतलहर जस्ता प्रकोपहरूबाट पनि नेपाल अछुतो रहन सकेन ।

नेपालमा वर्षेनी सरदर १००० मानिसले बिभिन्न प्रकोपबाट अकालमा ज्यान गुमाउनु परेको छ भने ब्यापक भौतिक संरचनाहरूको क्षति भएको पाइन्छ । यसमा पनि मनसुनी अत्यधिक वर्षात्का कारणले हुने बाढी पहिरोबाट मात्र सरदर ५०० मानिसको मृत्यु भएको २२ वर्षको तथ्यांक हेर्दा देखिन्छ । यस वर्षको मनसुनमा असार मसान्तसम्म बाढी पहिरो र चट्याङ्गबाट अधिराज्यका ३७ जिल्लाहरू प्रभावित भएका छन् । यसमा पनि पूर्वाञ्चलका १४ जिल्लाहरू अत्यधिक मात्रामा प्रभावित भएका देखिन्छन् । यी जिल्लाहरूमा ६८ जना मानिसहरूको मृत्यु भइसकेको छ भने ९ जना हराइरहेका छन् । यसैगरी ३५ जना घाइते भएका छन् र २८४१ परिवारहरू प्रभावित भएका छन्, ११३९ घरह्रू पूर्ण रूपमा क्षति हुनका साथै करिब ५ करोड बराबरको ब्यक्तिगत एवं सार्वजनिक भौतिक संरचनाहरू क्षति भएको अनुमान गरिएको छ । अन्य देशहरूको तुलनामा हाम्रो देशमा प्राकृतिक प्रकोपका घटनाहरू कम भएपनि हामीले यी घटनाहरूबाट भएको जन धनको क्षतिलाई आंकलन गर्दा पक्कै पनि चुपलागेर बस्ने अवस्था भने देखिदैन ।

प्रकोप व्यवस्थापन बहुपक्षीय दायित्व भएकोले यसलाई कुनै पनि संघ संस्थाले एक्लै व्यवस्थापन गर्दछु भनेर सहजै अगाडि सर्न सम्भब छैन । यसमा आज सरकारी, गैर सरकारी, संघ संस्था, समाज, समुदायको उत्तिकै खाँचो छ । प्रकोप भइसकेपछि पीडितहरूलाई उद्धार गर्नु र राहत उपलब्ध गराउनु मात्र नभई निरोधात्मक उपायहरू अबलम्बन गर्नु अथवा प्रकोप पछिका असरहरूलाई न्यून गर्नेतर्फ पूर्व तयारीमा रहन अति नै आवश्यक भइसकेको छ । यसको लागि प्रकोप व्यवस्थापनका दीर्घकालीन योजना सञ्चालन गर्नु पर्दछ ।

प्रकोप व्यवस्थापनको कार्यलाई व्यवस्थित एवं प्रभावकारी बनाई देशमा संचालित विकास निर्माणका कार्यक्रहरूलाई दिगो, भरपर्दो, एवं उच्च प्रतिफल युक्त बनाउनको साथै जन जीवनलाई प्रकोपबाट सुरक्षित राख्न ठोस योगदान पुऱ्याउन दशौं योजनामा प्रकोप व्यवस्थापनको मुख्य उद्देश्य रहेको देखिन्छ । उल्लेखित उद्देश्यहरू परिपूर्ति एवं कार्यान्वयन गराउन सरकारले विभिन्न किसिमका

रणनीतिहरू अपनाउनु पर्ने र यी रणनीति अनुरूपका कार्य नीतिहरू संचालन गर्नु पर्ने देखिन्छ । प्रकोप व्यवस्थापन सम्वन्धि योजना एवं नीति तयार गर्दा प्रकोप एवं वातावरणीय प्रभाव न्यूनिकरण हुने प्रविधिको प्रयोग तथा विकासमा जोड दिने, उद्धार एवं राहत कार्यलाई पारदर्शी बनाउने र मौजुदा भूकम्प मापन केन्द्र तथा प्रकोप व्यवस्थापनलाई अझ सुदृढीकरण बनाउने यसका रणनीतिहरू रहेका छन् ।

विश्वमा घट्ने प्रकोपका विनासकारी घटनाहरूबाट आजको विश्व समुदाय निकै चिन्तित बनेको छ । विश्वभरी नै सदैव मानवीय सहयोग कार्यमा जुटेको इण्टरनेशनल फेडेरेशन अफ रेडक्स र रेड क्रिसेण्ट सोसाइटीले १७ जुलाई २००३ मा विश्वभरी नै लोकार्पण गरेको विश्व प्रकोप प्रतिबेदन २००३ लाई नेपालमा पनि नेपाल रेडक्रस सोसाइटीले भरखरै लोकार्पण गरेको छ । सो प्रतिबेदनमा सन् २००२ मा विश्वभरी २४,५०० मानिसहरूले बिभिन्न किसिमका प्रकोपहरूबाट अकालमै ज्यान गुमाउनु परेको छ भने अरबौको भौतिक संरचनाहरूको क्षति भएको छ । यसमा पनि ५० प्रतिशत भन्दा बढी मानिसहरूको मृत्यु एशिया मुलुकमा भएको छ । प्रकोपबाट हुने क्षतिलाई न्यूनीकरण गर्न सन् १९९४ मा जापानको योकोहामामा थालनी भएको प्रकोप न्यूनीकरण सम्बन्धी विश्व सम्मेलनमा नेपालले पनि सक्रिय भूमिका निभाएको पाइन्छ । यसैगरी सन् १९९० को दशकलाई प्रकोप न्यूनिकरण दिवश (आई.डी.एन.डी.आर.) दशकको रूपमा र सन् २००० को दशकलाई अन्तर्राष्ट्रिय प्रकोप न्यूनीकरण रणनीति (आई.एस.डी.आर.) दशकको रूपमा नेपालले पनि बिभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

प्रकोप व्यवस्थापनका सन्दर्भमा गृह मंत्रालय अन्तर्गत दैवी प्रकोप व्यवस्थापन बिभागले संपर्क बिन्दुको रूपमा काम गर्दै आएको र प्रकोप सँग सम्बन्धित सबै निकायहरूलाई समन्वय गर्ने कार्य गर्दै आएको छ । यसै सन्दर्भमा माननीय गृह मंत्रीको अध्यक्षतामा गठन भएको केन्द्रीय दैवी प्रकोप उद्धार समितिमा केन्द्रीय स्तरका उच्च पदाधिकारीहरू सदस्य रहने व्यवस्था रहेको छ । यसैगरी गत वर्ष क्षेत्रीय प्रशासकको अध्यक्षतामा ५ विकास क्षेत्रमा  गठन भएको क्षेत्रीय दैवी प्रकोप उद्धार समितिमा क्षेत्रीय स्तरका प्रकोपसँग सम्बन्धित निकायका प्रमुखहरू सदस्य रहने व्यवस्था छ र यस समितिले केन्द्र र जिल्लाको प्रकोप व्यवस्थापन सम्बन्धमा समन्वय र सहयोग गर्दै आएको छ । यस्तै ७५ जिल्लामा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्लास्थित प्रकोपसँग सम्बन्धित निकायहरूका प्रमुख सदस्य रहने गरी जिल्ला दैवी प्रकोप उद्धार समिति रहने व्यवस्था छ । यस समितिले केन्द्रीय दैवी प्रकोप उद्धार समितिले तय गरेको मापदण्ड अनुसार प्रकोपबाट पीडित परिवारहरूलाई राहत सहयोग उपलब्ध गराउने काम गर्दछ । यस समितिको मुख्य दायित्व क्षतिको मूल्यांकन गर्नु, प्रकोपबाट हुने क्षतिलाई न्यून गर्न जिल्ला स्थित पूर्व तयारीका योजना बनाउनु र न्यायोचित ढंगले वास्तविक पीडित परिवारहरूलाई राहत वितरण गर्नु हो ।

गत वर्ष मकवानपुरको छतिवन, राक्सीराङ, खोटाङको सुङदेल दिप्सुङ, काभ्रेको ज्यालेमा गएको बाढी पहिरोमा र तेह्रथुमको म्याङलुङबजार र सप्तरीको वेल्ही चपेनामा भएको आगलागीबाट पीडित

पक्षलाई श्री ५ को सरकार एवं अन्य गैर सरकारी संघ संस्थाहरूबाट भए गरेको राहत उद्धार कार्यहरू सह्राहनीय रहेका छन् । यसका साथ साथै प्रकोपबाट पीडित भएका विस्थापित परिवारहरूलाई अधिराज्यका ७ जिल्लाहरूमा नेपाल रेडकस सोसाइटीबाट २२५ वटा घरहरू बनाई हस्तान्तरण गर्ने कार्यक्रम, १६ जिल्लाका १९६ समुदायहरूमा "समुदायमा आधारित प्रकोप कार्यक्रम"(सी.पी.डी.पी.) र समुदाय विकास कार्यक्रम (सी.डी.पी.) जस्ता प्रभावकारी कार्यक्रमहरू सञ्चालन भइरहेका छन् । प्रकोप परेको दुःखद एवं संवेदनशील घडीमा प्रकोपबाट पीडित पक्षहरूको आकांक्षा बढी रहनु स्वाभाविकै हो तापनि स्रोत र साधनले भ्याएसम्म सरकारले न्यायोचित रूपमा उद्धार एवं राहत सहयोग पुऱ्याएकै पनि छ । सरकारले हालै ताप्लेजुङ्गको लेलेपमा गएको पहिरोमा परी घाइते भएका ३ जना व्यक्तिहरूलाई हेलीकोप्टरद्वारा धरानको वी.पी. मेमोरियल अस्पतालमा औषधोपचार गराई रहेको कुरा उद्धार कार्यको एउटा उल्लेख्य उदाहरण हो । यसैगरी जिल्ला दैवी प्रकोप उद्धार समितिबाट बिभिन्न राहत कार्यक्रमहरू सञ्चालन भई वास्तविक क्षतिको मूल्यांकन गर्नको लागि बिभिन्न टोलीहरू गठन भई घटनास्थलमा कार्यरत रहेको छ ।

अन्त्यमा, वर्तमान परिप्रेक्ष्यमा देखिएका वातावरणीय असन्तुलन, अनियन्त्रित बसोवास शहरीकरण, भूमिको अव्यवस्थित उपयोग तथा नदी खोलानाला जस्ता प्राकृतिक सम्पदामाथिको अतिक्रमण गर्ने प्रवृत्तिले पनि प्राकृतिक प्रकोपले दिन प्रतिदिन जटिल र विकराल रूप लिदै आएको छ । प्राकृतिक प्रकोपको सम्बन्धी पूर्व तयारीको अवस्था प्रकोप भइरहेको अवस्था र प्रकोप पछिको अवस्था मध्ये हालसम्म प्रकोप भइरहेको अवस्थामा मात्र उद्धार एवं राहत सहयोग उपलब्ध गराउनेमा सिमित रहनु परेको छ । प्रकोपबाट हुने क्षतिलाई कम गर्नको लागि पूर्व तयारी पुनःस्थापना पुनःनिर्माणका विषयहरूलाई उजागर गरी संस्थागत संरचनाको विकास गर्दै प्रकोप व्यवस्थापनका विभिन्न बहुपक्षीय कृयाकलापहरूलाई एकीकृत रूपमा सञ्चालन गर्नुपर्ने अवस्था छ । विकासका योजनाहरू तयार गर्दा प्रकोप न्यूनिकरणलाई समेत दृष्टिगत गर्नुपर्दछ । यस परिप्रेक्षमा बढ्दो प्रकोपलाई सुनियोजित ढंगबाट नियन्त्रण वा निराकरण गर्न, विपत्तिमा पर्नेलाई तुरुन्त उद्धार एवं राहत पुऱ्याउनु प्रकोपसम्बन्धी जनचेतना जगाई स्थानिय रूपमा स्थानीय स्रोत र साधनहरूको पर्याप्त मात्रामा परिचालन गरी प्रकोपसँग जुझ्ने सीप, ज्ञान र साधन उपलब्ध गराई प्राकृतिक प्रकोपका निमित्त पूर्वतयारीका स्थितिमा रहिरहनको लागि लामो अवधिको योजनाहरू तयार गरी सोको कार्यान्वयन गर्न आवश्यक भएको छ । राहत एवं उद्धार कार्यका अतिरिक्त प्राकृतिक प्रकोप र यसको व्यवस्थापनका अन्य पक्षहरूमा पनि सुनिश्चित कार्ययोजना तयार गरी संस्थागत विकास गर्नु वान्छनीय भएको छ । यसर्थ प्रकोप परिसकेपछि व्यहोर्ने भन्दा पनि प्रकोप हुनु भन्दा अघिनै सजग रहनेतर्फ निरोधात्मक उपायहरू अवलम्बन गर्नु आवश्यक देखिन्छ । प्रकोपबाट हुने असरहरूलाई न्यूनिकरण गर्नको लागि पूर्व तयारीमा रहनै पर्ने कुरामा आजको विश्व समुदायको ध्यानाकर्षण भई सो अनुसारका विभिन्न कार्य योजनाहरू तयार भई कार्यान्वयन समेत भइरहेका छन् । प्राकृतिक प्रकोपको व्यवस्थापन वहुक्षेत्रिय दायित्व भएकाले सबैको सामूहिक प्रयासले मात्र यस सम्बन्धी समस्याहरूलाई निराकरण गर्न सकिने देखिन्छ ।

⓪⓪⓪⓪⓪⓪⓪

---

ला.औ.नि. तथा दैवी प्रकोप व्यवस्थापन बिभाग